म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: २ मिति: असार ०५, २०८१

भाग-२

म्यागङ गाउँपालिका

## म्यागङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति: माघ २६, २०७९

गाउँसभाबाट अनुमोदन मिति: असार ४, २०८१

स्थानीय राजपत्रमा प्रकाशित मिति: असार ०५, २०८१

प्रमुख प्रशासकीय अधिकृत

# म्यागङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

पन्ध्रौ पंच वर्षीय आवधिक योजना (२०७६/७७ - २०८०/०८१) को आधार पत्र बमोजिम करिव १७.४% नेपाली नागरिकहरु निरपेक्ष गरिवीको रेखा मुनि र २८.६% नेपाली नागरिकहरु बहुआयामिक गरिवीको चपेटामा रहेको देखिन्छ। मानव विकास सूचांक २०२२ को प्रतिवेदनमा समग्र देशको मानव विकासको अवस्था थप सुधार गर्नु पर्ने अवस्थामा रहेको छ।

नेपालको संविधान २०७२ ले प्रदान गरेको मौलिक हकको कार्यान्वयनका लागि पनि यस म्यागङ गाउँपालिका सबै पालिकावासीलाई सम्मानपूर्वक बाँच्न पाउनु पर्ने हक तथा शिक्षा स्वास्थ्यको हकको सुनिश्चितता लागि पालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई पारदर्शि यथार्थपरक बनाउन म्यागङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो म्यागङ गाउँपालिको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९ जारी गरिएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **म्यागङ गाउँपालिको आर्थिक सहायता सम्बन्धी कार्यविधि,** २०७९ हुनेछ।

ख) यो कार्यविधि म्यागङ गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी गाउँ सभाले अनुमोदन गरेको दिन देखि लागु हुनेछ।

२. पारिभाषिक शब्दहरुः

क) "पालिका" भन्नाले म्यागङ गाउँपालिकालाई जनाउने छ।

ख) लक्षित वर्गः लक्षित वर्ग भन्नाले आर्थिक रुपले विपन्न नागरिक, हेरचाह गर्न सन्तान नभएको जेष्ठ नागरिक, आमाबाबु विहिन वालवालिका वा विपदमा परेका नागरिकलाई सम्झनुपर्नेछ।

ग) सहायताः म्यागङ गाउँपालिकाबाट दिइने आर्थिक तथा जिन्सी सहायता लाई सम्झनुपर्दछ।

घ) अध्यक्षः म्यागङ गाउँपालिकाको अध्यक्ष

ङ) कार्यपालिकाः म्यागङ गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ।

मुख प्रशासकीय अधिकृत

३. **आर्थिक सहायता सिफारिस समितिः** आर्थिक सहायताका लागि प्राप्त निवेदनहरुको छानविन गरी योग्य लाभग्राही छनौट गरी सहायताका लागि सिफारिस गर्न कार्यपालिकाले तोकेको ३ सदस्यीय आर्थिक सहायता सिफारिस समिति हुनेछ। यस समितिबाट सिफारिस भएका लै मात्र तोकिएको सीमा भित्र गाउँपालिका अध्यक्षले र सो भन्दा बढी कार्यपालिकाले आर्थिक सहायता रकम निर्धारण गर्नेछ।

४. **उपचारका लागि गरिने आर्थिक सहायता**

क) कोही म्यागङवासी अत्यन्त विपन्न भई उपचारका लागि आर्थिक अवस्थाले नधानिने भएमा वा उपचार गराउन नसक्ने भएमा पालिकाले उपचारका लागि आर्थिक सहायता गर्नेछ।

ख) उपचारका लागि आर्थिक सहायता माग गर्ने लाभग्राहीले निवेदन साथ तपसिलका कागजातहरु पालिकामा पेश गर्नुपर्नेछ।

१. लाभग्राहीको नागरिकताको प्रतिलिपी

२. लाभग्राही व्यक्ति आर्थिक रुपमा विपन्न रहेको र सामाजिक सुरक्षा लगायत अन्य मासिक रुपमा प्रदान गरिने आर्थिक सहायतामा नपरेको व्यक्ति भनि वडाबाट सिफारिस। यसमा वडाबाट फर्जि सिफारिस भए स्वयं वडा कार्यालय जिम्मेवार रहनेछ।

३. उपचार गराउनु पुर्व आर्थिक सहायता माग गर्दा सरकारी अस्पतालको NMC No. प्राप्त चिकित्सकबाट लाभग्राही व्यक्ति लाई लागेको रोग र निदान गर्न लाग्न सक्ने अनुमानित खर्च उल्लेख भएको सिफारिस पत्र आवश्यक पर्नेछ।

४. उपचार खर्चको सोधभर्ना लिने लाभग्राहीको हकमा चालु आ.व. मा गरेको उपचारको OPD किताब, चेकजाँच रिपोर्ट तथा विल सहित प्रस्तुत हुनुपर्नेछ। तर चालु आ.व.मा भुक्तानी दिन बाँकी दायित्व रकम स्वीकृत गराई अर्को आ.व. मा भुक्तानी दिन वाधा पर्ने छैन।

ग) आर्थिक सहायता भुक्तानी

१. आर्थिक सहायता भुक्तानी दिदा गाउँपालिका अध्यक्षले रु. ३०,०००/- (अक्षरुपी तीस हजार) सम्मको सहायता दिन सक्नेछ। तर निवेदन साथ प्राप्त विल सो रकम भन्दा घटी भए विल बमोजिम मात्र भुक्तानी गर्ने छ।

२. जटिल प्रकृतिको विरामी भए वा निजको परिवारको आर्थिक अवस्था थप चरम विश्रृखलता तर्फ जाने भए कार्यपालिकाले निर्णय गरी रु.३०,०००/- (अक्षरुपी तीस हजार) भन्दा वढीको आर्थिक सहायता गर्न सक्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

३. गाउँपालिकामा कार्यरत कर्मचारी र तत्काल पदाधिकार कायम रहेको निर्वाचित जनप्रतिनिधी स्वंयमको हकमा कुनै किसिमको प्राणघातक रोगहरु जस्तैः मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी जस्ता रोगहरु लागिएको खण्डमा उपचार स्वरुप कार्यपालिकाको निर्णय बमोजिम बढीमा रु. ५,००,०००/- (अक्षरुपी पाँच लाख) रुपैयाँ बराबारको आर्थिक सहायता दिईनेछ।

४. यसरी आर्थिक सहायता रकम वितरण गर्दा भुक्तानी दिनुपर्ने रकममा स्वास्थ्य विमाको रकम कट्टा गरी भुक्तानी दिइनेछ र यस्तो लाभग्राहीको परिवारको स्वास्थ्य विमा गरि दिइनेछ।

५. कुनै लाभग्राही व्यक्तिलाई एक आ.व. मा एक पटक भन्दा बढी आर्थिक सहायता गरिने छैन।

**५. आमाबाबु विहिन वालवालिका/हेरचाह गर्ने सन्तान नभएको जेष्ठ नागरिकका लागि सहायता**

क) आमाबाबु विहिन वालवालिका तथा हेरचाह गर्ने सन्तान नभएको जेष्ठ नागरिकलाई पालिकाले एक आ.व. मा एक पटक जिवन निर्वाहका लागि रु.३०,०००/- (अक्षरुपी तीस हजार) रकम गाउँपालिका अध्यक्षले आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

ख) यसका लगि वडाबाट निज वालवालिका आमा बाबु विहिन रहेको र संरक्षकको नाम ठेगाना स्पष्ट गरी सिफारिस दिनुपर्नेछ। भने हेरचाह गर्ने सन्तान भएका जेष्ठ नागरिकको हकमा सोही व्यहोरा खुलाई सिफारिस गर्नुपर्नेछ। यसमा वडाबाट फर्जि सिफारिस भए स्वयं वडा कार्यालय जिम्मेवार रहनेछ।

**६. विपद प्रभावित लाभग्राहीका लागि सहायता**

क) विपद प्रभावित लाभग्राहीलाई आर्थिक सहायता गर्दा कार्यपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ।

ख) तर, सानो क्षेत्रको पहिरो बाट भएको क्षति, आगलागि बाट भएको क्षेतिको हकमा नजिकको प्रहरी चौकीको मुचुल्का, वडाको सिफारिस र पालिकाको अनुगमनबाट क्षतिको मूल्याङ्कन गरि पुनस्थापनाका लागि बढिमा रु.३०,०००/- (अक्षरुपी तीस हजार) रकमको आर्थिक सहायता गाउँपालिका अध्यक्षले गर्न सक्नेछ।

७. यो कार्यविधि लागु हुनु पुर्व भएका आर्थिक सहायता सबै यसै कार्यविधि बाट भए सरह मानिनेछ।

८. यो कार्यविधिको कुनै दफा संशोधन वा खारेज गर्ने अधिकार कार्यपालिकालाई रहनेछ।

आज्ञाले,
कुमार लाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत